# छथर जोरपाटी गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९

प्रमाणिकरण मिति: २०७९/०९/ २४

प्रस्तावना:

छथर जोरपाटी गाउँपालिकामा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, वडा स्तरीय, गाउँपालिका स्तरीय, प्रदेश स्तरीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न बान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम छथर जोरपाटी गाउँपालिकाको १२औं गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "छथर जोरपाटी गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९" हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

## परिच्छेद-२

२. परिभाषा: **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "गाउँपालिका" भन्नाले छथर जोरपाटी गाउँपालिका सम्झनु पर्छ।

(ख) "संरक्षक" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले छथर जोरपाटी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(घ) "अध्यक्ष" भन्नाले छथर जोरपाटी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ङ) "उपाध्यक्ष" भन्नाले छथर जोरपाटी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छथर जोरपाटी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(छ) "वडाध्यक्ष" भन्नाले छथर जोरपाटी गाउँपालिका वडाध्यक्षहरु सम्झनु पर्छ।

(ज) "कार्यपालिका सदस्य" भन्नाले छथर जोरपाटी गाउँ कार्यपालिका सदस्य सम्झनु पर्छ।

(झ) "गाउँ खेलकुद विकास वोर्ड" भन्नाले छथर जोरपाटी गाउँपालिकाको गाउँ खेलकुद वोर्ड सम्झनु पर्छ।

(ञ) "गाउँ खेलकुद विकास वोर्ड" भन्नाले परिच्छेद – ३, दफा ३ को उपदफा (२) बमोजिम छथर जोरपाटी गाउँपालिकाको गाउँ खेलकुद विकास वोर्ड सम्झनु पर्छ।

(ट) "सयोजक" भन्नाले दफा ३ उपदफा (२) को (१) को (क) बमोजिम गठित गाउँ खेलकुद विकास वोर्डको संयोजक सम्झिनु पर्छ।

(ठ) "वोर्ड" भनले दफा ३ बमोजिम गठित खेलकुद विकास वोर्ड सम्झिनु पर्छ।

(ड) "खेलाडी" भन्नाले टिम क्लब संघ संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय खेल खेल्ने खेलाडी सम्झनु पर्छ।

(ण) "प्रशिक्षक" भन्नाले तालिम प्राप्त छथर जोरपाटी गाउँपालिका अन्तर्गत संचालित प्रशिक्षणमा सहभागी प्रशिक्षक टिम, संघ संस्था र खेल प्रशिक्षण वोर्डमा संलग्न विषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ।

(त) "प्रशिक्षार्थी" भन्नाले छथर जोरपाटी गाउँपालिका द्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ संस्थामा सम्बद्ध खेलाडी सम्झनु पर्छ ।

(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिइने उपहार, सम्मान र पुरस्कारलाई सम्झनु पर्छ ।

(द) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १२ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ ।

(ध) "तोकिएको" वा "तोकिए बमोजिम " भन्नाले यस ऐन अर्न्तगत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - ३

३. **गाउँ खेलकुद विकास वोर्डको गठन :** (१) गाउँपालिकामा खेलकुदको विकास गर्नको लागि १३ (तेह) सदस्यीय गाउँ खेलकुद विकास वोर्ड गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने वोर्डमा देहायका सदस्य रहनेछन ।

| | |
|---|---|
| (क) गाउँ कार्य पालिकाले तोकेको | - अध्यक्ष |
| (ख) खेलकुदको विभिन्न बिधाबाट खेलकुदमा दक्षता राख्ने १ महिला सहित | - ३ सदस्य |
| (ग) सामाजिक विकास वोर्ड संयोजकवा तोकिएको प्रतिनिधी | - १ सदस्य |
| (घ) संस्थागत विकास वोर्ड संयोजक वा तोकिएको प्रतिनिधी | - १ सदस्य |
| (ङ) सामुदायिक तथा आवासिय विद्यालयहरुको गाउँ स्तरीय संस्थाबाट पठाएको शिक्षक | - २ सदस्य |
| (च) गाउँ स्तरीय बालक्लबको प्रमुख वा प्रतिनिधी | - १ सदस्य |
| (छ) गाउँ स्तरीय नमुना युबा संसादको प्रमुख प्रतिनिधी | - २ सदस्य |
| (ज) गाउँ स्तरीय रेडक्रसको प्रतिनिधी | - १ सदस्य |
| (झ) शिक्षा युबा तथा खेलकुद शाखा प्रमुख वा प्रतिनिधी | - सदस्य-सचिव |

(३) वोर्डको बैठकमा खेल क्षेत्रसँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ ।

(४) वोर्डको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

(५) खेलकुद क्षेत्रमा विषेश अनुभवी र दक्षता हासिल गरेका व्यक्तिहरु मध्येबाट एक सल्लाहकार वोर्ड गठन गर्न सकिनेछ ।

(६) कार्यविधि बनाई पालिका स्तरीय र वडा स्तरीय खेलकुद समिति गठन गरिनेछ ।

४. **पदावधि:** (१) छथर जोरपाटी गाउँ खेलकुद विकास वोर्डको पदावधि तीन वर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा (२) छथर जोरपाटी गाउँ खेलकुद विकास वोर्डको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपुर्ति गरिनेछ ।

(३) दफा ३ को उपदफा (२) छथर जोरपाटी गाउँ खेलकुद विकास वोर्ड सदस्यले आफनो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा गाउँपालिकाले त्यस्तो सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

५. **वडा स्तरीय खेलकुद समिति :** (१) गाउँ खेलकुद विकास वोर्ड मातहतमा वडा स्तरीय खेलकुद समिति रहने छन् ।

(२) वडास्तरीय खेलकुद विकास समितिको गठनः

(क) वडाको वडा कार्य समितिले तोकेको व्यक्ति - अध्यक्ष



Scanned with CamScanner

(ख) वडा कार्य समितिले तोकेको वडा सदस्य एक जना - सदस्य

(ग) वडा समितिले तोकेको खेलकुद क्षेत्रमा कम्तिमा दुई वर्ष कार्य गरेको कम्तीमा दुई जना महिला सहित पाँच जना –सदस्य

(घ) वडा समितिले तोकेको खेलकुद सम्वन्धी कार्य गरी रहेका संघ संस्थाबाट एक जना महिला सहित दुई जना - सदस्य

(ङ) वडा सचिव वा वडा कार्यालयका कर्मचारी -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६. **वोर्डको काम, कर्तव्य र अधिकार :** दफा ३ बमोजिम गठन भएको वोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खेलकुदको विकास सम्बन्धी नीति निर्माण गर्ने,

(ख) खेलकुदको विकासका लागि प्रदेश सरकार, संघीय सरकारसँग समन्वय, सहकार्य गर्ने,

(ग) खेलकुद सम्वन्धी दिर्घकालिन, मध्यकालिन योजना निर्माण गर्ने,

(घ) विभिन्न खेलकुद प्रतियोगिता सञ्चालनका लागि योजना र कार्यक्रम तर्जुमा गर्ने,

(ङ) खेलकुदका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि खेलकुद वोर्डहरुलाई निर्देशन दिने,

(च) खेलकुद कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका अनुगमन, निरीक्षण गर्ने,

(छ) खेलकुद सम्वन्धी भौतिक पूर्वाधारहरुको निर्माण (खेलमैदान, कवर्ड हल आदि) का लागि बजेट व्यवस्थापन गर्ने,

(ज) आफ्नो स्रोतबाट बजेट व्यवस्था गर्न नसकिने भएमा अन्तर स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार लगायत अन्य दातृ निकायहरुसँग समन्वय, सहकार्य गर्ने,

(झ) स्थानीय स्तरका खेलकुद प्रशासन तथा संघ संस्थाको अनुगमन तथा नियमन गर्ने,

(ञ) आफ्नो तह र मातहतका खेलकुद सम्बन्धी संघसंस्थाको नियमन गर्ने,

७. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार:** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) खेलकुद सन्बन्धमा नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) वोर्डको बैठकको निर्णय प्रमाणिकरण गर्ने एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) वोर्डबाट स्वीकृत खेलकुद सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी वोर्ड समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी वोर्ड समक्ष पेश गर्ने,

(छ) वोर्डले तोकेको अन्य कार्य गर्ने, गराउने ।

८. **पद रिक्त हुने अवस्था:** देहायको अवस्थामा मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) गाउँपालिका समक्ष दिएको लिखित राजिनामा स्वीकृत भएमा,

(ख) गाउँपालिकाले निजलाई पदबाट हटाएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा,

(घ) निजको मृत्यु भएमा ।

Scanned with CamScanner

९. **सदस्यको अयोग्यता:** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन

(क) गैह्र नेपाली नागरिक,

(ख) दामासाहीमा परेको,

(ग) मगज बिग्रिएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

१०. **सदस्यता नरहने अवस्था:** देहायको अवस्थामा सदस्यता खारेज भएको मानिनेछ ।

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरीएमा,

(ख) राजिनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी वोर्डको बैठमा अनुपस्थित भएमा,

(ङ) दफा ४ को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले हटाएमा।

११.**गाउँ खेलकुद समिति गठन:** (१) गाउँपालिकामा खेलकुदको विकास गर्नको लागि ७ (सात) सदस्यीय गाउँ खेलकुद समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहनेछन् ।

(क) गाउँ कार्यपालिकाको खेलकुद हेर्ने समितिका संयोजक - संयोजक

(ख) गाउँ कार्यपालिकाले मनोनित गरेको दलित, अल्पसंख्यक गाउँ कार्यपालिका तथा सभा सदस्यहरु मध्येबाट कम्तिमा एक जना महिला सहित २ (दुई) जना - सदस्य

(ग) गाउँपालिका स्तरमा खेलकुदको क्षेत्रमा खेलाडी क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई काम गरी रहेको व्यक्तीहरु मध्ये एक जना महिला सहित गाउँ कार्यपालिकाले मनोनित गरेको २ जना - सदस्य

(घ) माध्यमिक विद्यालयका खेल शिक्षकरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको एक जना - सदस्य

(ङ) गाउँपालिकाको खेलकुद शाखा प्रमुख - सदस्य

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ४

## वोर्डको बैठक

१२. **वोर्डको बैठक र निर्णय :** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य - सचिवले मिति, समय र स्थान तोकी वोर्डको बैठक बोलाउनु पर्नेछ ।

(२) वोर्ड बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बोर्डको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन ।

(३) वोर्डको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) वोर्डको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) अध्यक्ष तथा सदस्य - सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(८ बैठक सम्बन्धी अन्य कार्यविधि (वोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद – ५

## क्लब, संघ संस्थहरुको दर्ता व्यवस्थापन

१३. **खेलकुद सम्बन्धी संस्थाको दर्ता:** (१) खेलकुद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने क्लव, संघ वा संस्थाको दर्ता सुचिकरण गाउँ खेलकुद विकास वोर्ड मार्फत गाउँ कार्यपालिकाको कार्यालयमा हुनेछ ।

(२) यस अघि अन्य निकायमा दर्ता सुचिकरण भएका खेलकुद सम्बन्धी संस्था यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ ।

१४. **दर्ताको लागि निवेदन दिनु पर्ने :** (१) दफा १३ बमोजिम नाम दर्ता सुचिकरण गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुरा खुलाई गाउँ खेलकुद विकास वोर्डमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकुद,

(ग) कार्यकारिणी वोर्डका सदस्यको नाम, ठेगाना,

(घ) विधानको प्रमाणित प्रतिलिपि,

(ङ) वार्षिक कार्ययोजना र आयश्रोत,

१५. **नाम दर्ता सुचिकरण गर्न सक्ने:** (१) दफा १४ बमोजिम नाम दर्ता सुचिकरण गराउनको लागि दरखास्त परेमा गाउँ खेलकुद विकास वोर्डले तीस दिन भित्र आवश्यक जाँचवुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सुचिकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सुचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सुचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

१६. **विधान संशोधनको सूचना:** (१) यो ऐन बमोजिम वोर्डमा नाम दर्ता सुचिकरण भएको खेलकुद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण सहितको तीन महले तयार गरी तीस दिन भित्र गाउँ खेलकुद विकास वोर्डलाई सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सुचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित देखेमा गाउँ खेलकुद विकास वोर्डले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

१७. **हिसाबको श्रेस्ता राख्नु पर्ने:** (१) खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको आम्दानी खर्च हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ गाउँपालिकाले जहिलेसुकै गर्न गराउन सक्नेछ।

१८. **निर्देशन दिने:** (१) गाउँ खेलकुद विकास वोर्डले मातहतका खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्वन्धमा समय समयमा आवश्यक निर्देशन दिने सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित खेलकुद सम्वन्धी संस्थाको कर्तव्य हुनेछ ।

२०७५/०५/१८

(२) उपदफा (१) बमोजिम गाउँ खेलकुद विकास वोर्डले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा १७ बमोजिम गाउँ खेलकुद विकास वोर्डले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्वन्धी संस्थाको नाम गाउँ खेलकुद विकास वोर्डले आफ्नो सुचिकरणबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) गाउँ खेलकुद विकास वोर्डले आफ्नो सुचिकरणवाट कुनै खेलकुद सम्वन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सुचना सम्वन्धित खेलकुद सम्वन्धी संस्थालाई दिनु पर्नेछ।

१९. **स्वीकृति लिनु पर्ने:** खेलकुद सम्वन्धी संस्थाले राष्ट्रिय अन्तराष्ट्रिय खेलकुद प्रतियोगता वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँपालिका क्षेत्रमा हुने राष्ट्रिय अन्तराष्ट्रियस्तरको खेलकुद प्रतियोगता, सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्वीकृत लिनु पर्नेछ।

२०. **अधिकार प्रत्यायोजन:** यो विधेयक वा यस विधेयक अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्य, दफा ११ बमोजिमको वोर्ड वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. **गाउँपालिकाले निर्देशन दिन सक्ने :** (१) गाउँपालिकाले खेलकुद विकास गर्नको लागि गाउँ खेलकुद विकास वोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशनको पालना गर्नु गाउँ खेलकुद विकास वोर्डको कर्तव्य हुनेछ।

२२. **खेलाडीको व्यवसायिक सुरक्षा:** तोकिए बमोजिमको वर्गीकरणको आधारमा खेलाडीको पारिश्रमिक, भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ६

२३. **सजाय र कारबाही:** (१) गाउँ खेलकुद विकास वोर्डले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ:- (क) गाउँ खेलकुद विकास वोर्डले दिएको निर्देशन पालना नगर्ने खेलकुद सम्वन्धी कार्य गर्ने संघ संस्थालाई पहिलो पटक चेतावनी दिने, दोस्रो पटक चेतावनी सहित पाँच हजार रुपैयाँ जरिबाना र सोही कसुर पुनः दोहोऱ्यामा सस्था खारेजी गर्न सक्नेछ।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणमलाई प्रतिकूल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तर खेलकुद प्रतियोगिताको हकमा पाँच हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलमा प्रतिबन्ध लगाइनेछ। गाउँपालिकास्तरको खेलकुद प्रतियोगिताको हकमा दश हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलमा प्रतिबन्ध लगाइनेछ।

(२) उपदफा (१) बमोजिक वोर्डले गरेको सजाय उपर चित्त नबुझेमा पैतीस दिन भित्र गाउँपालिका न्यायिक वोर्ड समक्ष उजुर गर्न सकिनेछ।

२४. **प्रशिक्षण प्रतिष्ठान सम्वन्धी व्यवस्था:** (१) गाउँपालिकाले खलकुदको विकासका लागि गाउँपालिका खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सक्नेछ।

(२) गाउँपालिका खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **नियम बनाउने अधिकार:** यस ऐन कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक कार्यबिधि/नियम बनाउन सक्नेछ।

२६. **नागरिकको कर्तव्य:** खेल खेल्नु र खेलाउनु सबै नागरिकको कर्तव्य हुनेछ।

२७. **यस विधेयक बमोजिम हुने:** यस विधेयकमा लेखिएका कुरामा यसै विधेयक बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

२८. **वाधा वा अड्चन फुकाउने व्यवस्था:**

(क) दफा ३, दफा ५ र दफा ११ मा कुनै पनि विवाद निस्किएमा संरक्षक अध्यक्षले तोक गर्न सक्नेछ।

२०७३/०५/१५

अध्यक्ष

Scanned with CamScanner